# मुसिकोट राजपत्र

## मुसिकोट नगरपालिका द्वारा प्रकाशित

खण्ड ३) मुसिकोट,गुल्मी,भाद्र १० गते,२०७६ साल(संख्या:११

# भाग-२

## मुसिकोट नगरपालिका,गुल्मी

## मुसिकोट नगरपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि २०७६

मुसिकोट नगरपालिकाको निर्माण व्यवसाय ऐन, २०७४ को दफा २३ ले दिएको अधिकार प्रयोग गरी मुसिकोट नगर कार्यपालिकाले बनाएको देहाय वमोजिमको नियमावली स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा ३ वमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# मुसिकोट नगरपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि २०७६

**प्रस्तावना ः**

मुसिकोट नगरपालिकाको निर्माण व्यवसाय ऐन, २०७४ को दफा २३ ले दिएको अधिकार प्रयोग गरी मुसिकोट नगर कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ ः**

(क) यस कार्यविधिको नाम " मुसिकोट नगरपालिका को 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि २०७६" रहनेछ ।

(ख) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

**२. परिभाषा ः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ः–

(क) "नगरपालिका " भन्नाले मुसिकोट नगरपालिका लाई सम्झनु पर्छ ।

(ख) "प्रमुख " भन्नाले मुसिकोट नगरपालिकाका प्रमुख लाई सम्झनु पर्छ ।

(ग) "उपप्रमुख" भन्नाले मुसिकोट नगरपालिकका उपप्रमुखलाई सम्झनु पर्छ।

(घ) "कार्यपालिका" भन्नाले मुसिकोट नगर कार्यपालिका सम्झनु पर्छ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मुसिकोट नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ङ) "ऐन" भन्नाले मुसिकोट नगरपालिकाको निर्माण ब्यवसायी ऐन २०७४ सम्झनुपर्छ ।

(च) "समिति" भन्नाले ऐनको दफा ११ बमोजिम गठित कार्यान्वयन समितिलाई सम्झनु पर्छ ।

(छ¬) "अध्यक्ष" भन्नाले कार्यान्वयन समितिको अध्यक्षलाई सम्झनु पर्छ ।

## परिच्छेद–२

## इजाजत पत्र सम्वन्धि ब्यवस्था

**३. इजाजत–पत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने** ः प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको बाहेक यस कार्यविधि बमोजिम इजाजत पत्र प्राप्त नगरी 'घ' वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न÷गराउन हुँदैन ।

**४. इजाजत–पत्र सम्बन्धी व्यवस्था** ः

(१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची–१ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजत–पत्रको लागि समिति समक्ष दरखास्त दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु समितिले अनुसूची–५ बमोजिम योग्यता भए÷नभएको सम्बन्धमा सिभिल इञ्जिनियर÷सब इञ्जिनियरबाट जाँचबुझ गराई दरखास्तवाला निर्माण ब्यवसायीको माग बमोजिम इजाजत दिन मनासिव देखेमा ३० दिन भित्र ईजाजत दिन कार्यपालिका समक्ष सिफारिस गर्ने छ ।

(३) दफा (४) को उपदफा (२) अनुसारको समितिले गरेको  सिफारिस सहित प्रमुख प्रशासकीय अधिकृतले इजाजत–पत्र प्रदान गर्ने निर्णयका लागि कार्यपालिकाको बैठकमा पेश गर्नुपर्नेछ ।

(४) उपदफा (२) बमोजिम समितिको सिफारिस सहित न्यूनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म÷कम्पनीहरुको इजाजत–पत्र कार्यपालिकाको निर्णय बमोजिम नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले इजाजत–पत्र वापत अनुसूची–२ बमोजिमको दस्तुर लिई निजलाई अनुसूची–३ बमोजिमको ढाँचामा इजाजत–पत्र प्रदान गर्नेछ ।

**५. इजाजत–पत्रको अवधि र नवीकरण** ः

मुसिकोट राजपत्र

(१) दफा ४ बमोजिम प्रदान गरिएको इजाजत–पत्र दफा ६ बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा बाहेक चालु आर्थिक वर्षको अन्त्यसम्म मात्र मान्य रहनेछ ।

(२) उपदफा (१) बमोमिजम इजाजत–पत्रको अवधि समाप्त भएको प्रत्येक निर्माण व्यवसायीले इजाजत–पत्रको अवधि समाप्त भएको ३ महिनाभित्र प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरिसकेको प्रमाणस्वरुप सम्बन्धित संघीय÷प्रदेश÷स्थानीय कर कार्यालयबाट प्राप्त कर चुक्ता प्रमाण–पत्र तथा फर्म वा कम्पनीको दर्ता नवीकरणसहित सम्बन्धित नगरपालिकामा कागजात पेश गर्दा अनुसूची–४ बमोजिमको पासबुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफूले गरेको कार्यहरुको अद्यावधिक विवरण सहित अनुसूची ६ बमोजिम दरखास्त दिनुपर्ने छ । यसरी अनुसूची–४ बमोजिमको पासबुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजत पत्र नवीकरण गर्न नगरपालिका बाध्य हुनेछैन ।

(३) उपदफा (२) बमोजिमको म्याद भित्र दरखास्त दिएमा अनुसूची–२ बमोजिम नविकरण दस्तुर लिइ र नविकरण नाघेको ६ महिनाभित्र सबै प्रक्रिया पूरा गरी इजाजत–पत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नवीकरण गर्ने माग गरेमा अनुसूची–२ बमोजिम थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजत पत्र नवीकरण गरिदिनेछ ।

**६. इजाजत–पत्रको खारेजी** ः

(१) देहायका अवस्थामा नगरपालिकाले निर्माण व्यवसायीको इजाजत–पत्र खारेज गर्न सक्नेछ ः

(क) झुठ्ठा विवरण पेश गरी इजाजत–पत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुठ्ठा विवरण पेश गरेको सम्बन्धित निकायबाट लेखी आएमा ।

(ग) सार्वजनिक निकायसँग भएको सम्झौता बमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भीर उल्लंघन भएको सम्बन्धित निकायबाट लेखी आएमा ।

(२) उपदफा (१) बमोजिम इजाजत पत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब माफिकको मौका दिइनेछ ।

(३) दफा ५ को उपदफा (३) बमोजिम म्यादभित्र नवीकरण नभएको इजाजत–पत्र स्वतः खारेज हुनेछ ।

(४) उपदफा (१) वा (३) बमोजिम इजाजत–पत्र खारेज भएकोमा नगरपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ ।

## परिच्छेद–३
## विविध

**७. इजाजत–पत्रको प्रतिलिपी दिने व्यवस्था** ः

कुनै निर्माण व्यवसायीले इजाजत–पत्र हराए वा नासिएको कारणबाट इजाजत पत्रको प्रतिलिपी पाउन निवेदन गरेमा अनुसूची–२ बमोजिमको दस्तुर लिई इजाजत–पत्रको प्रतिलिपी दिनुपर्नेछ ।

**८. प्रचलित कानून बमोजिम हुने** ः

यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्य हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**९. संसोधन** ः यस कार्यबिधिलाई मुसिकोट नगरपालिकाले आवस्यक संसोधन गर्न सक्ने छ ,

## अनुसूची–१

### कार्यविधिको दफा ४ को उपदफा (१) सँग सम्बन्धित

### इजाजत–पत्रको लागि दिइने दरखास्त

श्री अध्यक्ष
कार्यान्वयन समिति
मुसिकोट नगर  कार्यपालिकाको कार्यालय,
मुसिकोट ७ , गुल्मी

फोटो

**विषय ः इजाजत–पत्र पाऊँ भन्ने बारे ।**

यस मुसिकोट नगर  कार्यपालिकाको “ निर्माण ब्यवसाय ऐन २०७४ ” तथा “ मुसिकोट नगरपालिकाको ‘घ’ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि २०७६” बमोजिम सार्वजनिक निर्माण कार्य गर्नका लागि इजाजत–पत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ ।

१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीको ः

नाम ः                                  इ–मेल ः

ठेगाना ः

पोष्ट बक्स नं. ः        टेलिफोन÷मोवाईल नं.     फ्याक्स नं.ः

२. फर्म वा कम्पनीको प्रकृति ः

☐ प्राइभेट कम्पनी   ☐ लिमिटेड   ☐ पब्लिक लिमिटेड कम्पनी

☐ एकलौटी   ☐ साझेदारी

(कोठामा रेजा लगाउनुपर्नेछ)

३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारिक व्यक्तिको ः

नाम ः                                  इ–मेल ः

ठेगाना ः

पोष्ट बक्स नं. ः      लिफोन÷मोवाईल न ं. ः        फ्याक्स नं

४. फर्म वा कम्पनीको विवरण ः

दर्ता नं. ः                              दर्ता मिति ः

अधिकृत पूँजी ः                           जारी पूँजी ः

दर्ता गर्ने कार्यालयको नाम र ठेगाना ः

५. इजाजत पत्र लिन चाहेको वर्ग ः (घ) वर्ग

६. समूहीकरण हुन चाहेको समूह ः

मुसिकोट राजपत्र

७. आर्थिक स्रोतको विवरण ः

| विवरण | रकम | वित्तीय संस्था÷बैंकको नाम |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |

उल्लिखित विवरणबाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।

८. कामदारको विवरण ः

(क) प्राविधिक ः

(ख) अप्राविधिक ः

(ग) अन्य ः

प्राविधिक कर्मचारीको Certificate को प्रतिलिपी तथा निजको मञ्जुरीनामा पेश गर्नुपर्नेछ ।

९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारीसाधन मेशिनरी औजारको विवरण ः

| सि.नं | नाम तथा विवरण | दर्ता नं | क्षमता संख्या | मूल्य | खरिदमिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

द्रष्टब्य ः यस विवरणमा उल्लिखित सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामित्व कागजात (दर्ता प्रमाणपत्र) र उक्त मेशिनरी औजार चालु हालतमा रहेको छ भनी मेकानिकल इञ्जिनियरद्धारा प्रमाणित भएको हुनुपर्नेछ ।

१०. यसअघि सम्पन्न गरेको कामको विवरण ः

| सि.नं. | निर्माण सम्बन्धी कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालय को नाम | कामको अवस्था (प्रगति प्रतिशतमा) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

११. कर चुक्ता गरेको प्रमाण कागजात ः

(क)

(ख)

(ग)

यस दरखास्त फाराममा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक साँचो छ । झुठ्ठा ठहरे कानून बमोजिम सहुँला, बुझाउँला ।

निर्माण व्यवसायीको छाप

दरखास्तवालाको ः

दस्तखत ः

मिति ः

द्रष्टब्य ः यस दरखास्त फाराम साथ दरखास्त फाराममा उल्लेख भएको व्यहोरा पुष्टी गर्न सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपी संलग्न गर्नुपर्नेछ र कार्यालयले माग गरेको बखत सक्कल कागजात पेश गर्नुपर्नेछ ।

मुसिकोट राजपत्र

## अनुसूची–२
## कार्यविधिको दफा ४ को उपदफा (१) र दफा ५ को उपदफा (३) सँग सम्बन्धित

| क्र.सं. | निर्माण व्यवसायी को वर्ग | इजाजत–पत्र दस्तुर | इजाजत–पत्र नवीकरण दस्तुर | इजाजत–पत्र नवीकरण थप दस्तुर | इजाजत पत्र प्रतिलिपी दस्तुर |
|---|---|---|---|---|---|
| १ | घ | रु.२,००००।०० | रु.१,००००।०० | रु.१५,००।०० | रु.५००।०० |
| | | | | | |

द्रष्टब्य ः " मुसिकोट नगरपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि २०७६" को दफा ५ को उपदफा (३) बमोजिम म्यादभित्र इजाजत–पत्र नवीकरण गराउँदा इजाजत–पत्र नवीकरण थप दस्तुरको महलमा उल्लिखित दस्तुर मात्र तिर्नुपर्नेछ ।

मुसिकोट राजपत्र

## अनुसूची–३

**कार्यविधिको दफा ४ को उपदफा (१) सँग सम्बन्धित**

मुसिकोट नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

मुसिकोट–७ , गुल्मी

**इजाजत–पत्र**

इजाजत–पत्र नं. ः                                        मिति ः

मुसिकोट नगरपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि २०७६ को दफा २ को उपदफा (४) बमोजिम निर्माण व्यवसाय गर्न ................ स्थित कार्यालय भएको ......................... फर्म वा कम्पनीलाई इजाजत–पत्र प्रदान गरिएको छ।

इजाजत–पत्र दिनको ः

दस्तखत ः

नाम ः

पद ः

मिति ः

कार्यालय ः

(यस वृत्तभित्र कुन वर्ग लेख्नुपर्ने हो सोही वर्ग लेख्ने)

| नवीकरण गर्ने अधिकारी | नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अवधि | नवीकरण दस्तुर भौचर नं. र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

मुसिकोट राजपत्र

# अनुसूची–४

## निर्माण व्यवसायीबाट भएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण (पासबूक)

| क.स | आयोजनाको नाम | सार्वजनिक निकायको विवरण | सम्युक्त उपक्रमको नाम(यदी भए) | शेयर प्रतिशत | ठेक्का विवरण | सार्वजनिक निकायको तर्फवाट हस्ताक्षर गर्ने पदाधिकारीको विवरण | समयावधि थप विवरण(यदि भए) | Variation को विवरणा (यदी भए) | प्रगति विवरण | ठेक्का सम्पन्न विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | (क) ठेक्का रकम | (क) नाम | (क) थप समय | (क) Variation पछिको Contract Amount | (क) सम्पन्न रकम | (क) अन्तिम ठेक्का रकम | |
| | | | | | ख) सम्झौता मिति | ख) पद ः | क) नाम ः | क) variation को निर्णय गर्ने पदाधिकारीको नाम ः | ख) सम्पन्न मिति ः | (ख) सम्पन्न मिति ः | |

मुसिकोट राजपत्र

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | ग) ठेक्का अवधि | ग) हस्ताक्षर | ख) पद | ख) पद | ग) सम्पन्न प्रतिशत | | |
| | | | | | | घ) छाप | ग) हस्ताक्षर | ग) हस्ताक्षर | घ) नाम | घ) नाम | |
| | | | | | | | घ) निर्णय मिति | घ) छाप | ङ) पद | ङ) पद | |
| | | | | | | | ङ) छाप | | हस्ताक्षर | हस्ताक्षर | |
| | | | | | | | | | छाप | छाप | |

मुसिकोट राजपत्र

## अनुसूची–५

## घ वर्गको निर्मा◌ाण व्यवसायीको लागि आवश्यक योग्यता

१. आर्थिक क्षमता ◌ः

प्राइभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँच लाख रुपैयाँको चालु पूँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनुपर्नेछ ।

२. मुख्य जनशक्ति विवरण ◌ः

मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ्ग विषयमा कम्तिमा प्रमाण–पत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाण–पत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्यशास्त्र÷अर्थशास्त्रमा प्रमाण–पत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनुपर्नेछ ।

३. मेशिन र उपकरण ◌ः

(क) ट्रिपर÷ट्याक्टर÷भ्याकुलोडर ( कुनै एक थान)

(ख) मिक्सर (एक थान)

(ख) Theodolite/Level Machine (एक सेट)

(ग) वाटर पम्प –एक थान)

(ङ) भाइब्रेटर (एक थान)

द्रष्टब्य ◌ः

१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाण–पत्रका साथै बीमा गरेको कागजातहरु पेश गर्नुपर्नेछ ।

२. माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल इञ्जिनियरिङ्ग विषयमा कम्तिमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल इञ्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल इञ्जिनियरले प्रमाणित गरेको हुनुपर्नेछ ।

मुसिकोट राजपत्र

३. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्न पाइनेछैन ।

४. पन्ध्रवर्ष भन्दा बढी पुरानो यन्त्र उपकरण निर्माण व्यवसायीको स्तर वृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुनेछैन ।

५. Theodolite/Level Machine भाडामा लिन सकिने छ तर भाडा सम्झौता पेश गर्नु पर्ने छ ।

मुसिकोट राजपत्र

## अनुसूची–६

## कार्यविधिको दफा ५ को उपदफा (२) सँग सम्बन्धित

## नविकरण दरखास्त

## इजाजत–पत्र नविकरणको लागि दिइने दरखास्त

श्री अध्यक्ष ज्यू

कार्यान्वयन समिति

मुसिकोट नगर  कार्यपालिकाको कार्यालय,

मुसिकोट ७ , गुल्मी

विषय ः इजाजत–पत्र नविकरण गरि पाऊँ भन्ने बारे।

मुसिकोट नगरपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि २०७६ बमोजिम सार्वजनिक निर्माण कार्य गर्नका लागि इजाजत–पत्र नविकरण गरि पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ।

१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीको ः

नाम ः                                    इ–मेल ः

ठेगाना ः

पोष्ट बक्स नं. ः        टेलिफोन÷मोवाईल नं.     फ्याक्स नं.ः

२. फर्म वा कम्पनीको प्रकृति ः

☐प्राइभेट कम्पनी     ☐ लिमिटेड     ☐ पब्लिक लिमिटेड कम्पनी

☐एकलौटी     ☐ साझेदारी

(कोठामा रेजा लगाउनुपर्नेछ)

३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारिक व्यक्तिको ः

नाम ः                                    इ–मेल ः

ठेगाना ः

पोष्ट बक्स नं. ः       लिफोन÷मोवाईल न ं. ः         फ्याक्स नं

४. फर्म वा कम्पनीको विवरण ः

दर्ता नं. ः                                    दर्ता मिति ः

अधिकृत पूँजी ः                                    जारी पूँजी ः

दर्ता गर्ने कार्यालयको नाम र ठेगाना ः

मुसिकोट राजपत्र

५. इजाजत पत्र नं

६. इजाजत पत्र जारी मिति ः

उल्लिखित विवरणबाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।

७. कर चुक्ता गरेको प्रमाण कागजात ः

(क)

(ख)

(ग)

८. इजाजतपत्र नवीकरण दस्तुर ÷ थप दस्तुर बापत रु. .............................

अक्षरेपी ........................................ जम्मा गरेको ..................................... बैंकको सक्कल भौचर यसै साथ संलग्न छ ।

यस फाराममा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक साँचो छ । झुठ्ठा ठहरे कानून बमोजिम सहुँला, बुझाउँला ।

निर्माण व्यवसायीको छाप

दरखास्तवालाको ः

दस्तखत ः

मिति ः

द्रष्टब्य ः यस फाराममा उल्लेख भएको व्यहोरा पुष्टी गर्न सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपी संलग्न गर्नुपर्नेछ र कार्यालयले माग गरेको बखत सक्कल कागजात पेश गर्नुपर्नेछ ।

**प्रमाणिकरण मिति २०७६।०५।१०**

**आज्ञाले,**

**नवराज भण्डारी**

**प्रमुख प्रशासकीय अधिकृत**

मूल्यरू २०

मुसिकोट राजपत्र